# स्थानीय राजपत्र

**शैलुङ गाउँपालिकाद्वारा प्रकाशित**

खण्डः ४) संख्याः ०२, १८ बैशाख, २०७७

# भाग–२

**शैलुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय काटाकुटी दोलखा**
**बागमती प्रदेश, नेपाल**

## "भकारो सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७"

**<u>प्रस्तावनाः</u>** शैलुङ गाउँपालिकाको अधिकांश भू-भाग महाभारत पर्वत श्रेणी क्षेत्र भएको भौगोलिक रुपमा विकट स्थानीय तह हो । गाउँपालिकाको आर्थिक विकासमा कृषि क्षेत्रको अग्रणी भूमिका रहेको छ । माटोको उर्वरा शक्ति कायम गर्दै कृषि क्षेत्रको दिगो विकास गरी खाद्यान्नमा आत्मनिर्भर हुने संभावना प्रबल रहेको छ । बोट बिरुवालाई आवश्यक खाद्यतत्व पर्याप्तमात्रामा परिपूर्ति गर्न प्राङ्गारिक/रासायनिक मलको आवश्यक पर्ने

भएकोमा रासायनिक मल समयमा उपलब्ध नहुदा वर्षेनी कृषकहरुले समस्या बेहोर्नु पर्ने भएकोले भकारो सुधार कार्यक्रम सञ्चालन गरी प्राङ्गारिक मलको गुणस्तर विकास गर्न अति आवश्यक छ । दिगो रुपमा माटोको उर्बरा शक्तिकायम राख्न परम्परागत तरिकाले उत्पादनहुने प्राङ्गारिक मलको मुख्य स्रोत गाईबस्तुको मलमुत्र नै हो । गाईबस्तुको मलमुत्रमा पाइने खाद्यतत्वलाइ बचाउन र गुणस्तर वृद्धि गर्न भकारो सुधार कार्य महत्वपूर्ण रहेको र भकारो सुधारबाट प्राङ्गारिक खेतीमा समेत महत्वपूर्ण योगदान दिन सक्ने भएको यथार्थतालाई समेत मध्यनजर गरी रसायनिक प्रभावबाट मानव स्वाथ्यमा पर्न सक्ने प्रभावलाई केहीहदसम्म कम गरी पर्यावरण संरक्षणमा समेत महत्वपूर्ण भूमिका खेल्ने भएकोले शैलुङ गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "भकारो सुधार कार्यक्रम सञ्चालन कार्यविधि ,२०७७" रहेको छ।

२. **परिभाषा**: बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा
   (क) "कार्यपालिका" भन्नाले शैलुङ गाउपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।
   (ख) "कृषि विकास शाखा" भन्नाले शैलुङ गाउपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्दछ ।
   (ग) "समिति" भन्नाले कार्यविधिको दफा १२ बमोजिम गठन हुने समितिलाई सम्झनु पर्दछ ।
   (घ) "वडा" भन्नाले शैलुङ गाउपालिकाको वडालाई सम्झनु पर्दछ ।

३. **कार्यक्रम सञ्चालनको उद्देश्यः** भकारो सुधार कार्यक्रमको उद्देश्य देहायब मोजिम रहनेछ,
   (क) गुणस्तरीय गोठेमलको उत्पादन तथा प्रयोग मार्फत प्रांगारिक उत्पादनलाई जोड दिने।

(ख) रसायनिक मलको प्रयोग कम गरी कृषि उत्पादन लागत घटाउने।

(ग) दिगो कृषि विकास गरी खाद्य सुरक्षामा योगदान पुऱ्याउने।

(घ) कम्पोस्ट मल तयार गरी वातावरण स्वस्थ राख्ने।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालन प्रकृया

४. **<u>कार्यक्रम सञ्चालन गरिने वडाहरु:</u>** शैलुङ गाउँपालिकाका सबै वडाहरुमा यो कार्यक्रम संचालन गरिने छ।

५. **<u>कार्यक्रम सञ्चालन गरिने वडा तथा समुह छनौट:</u>** गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम र गाउँपालिकाले गरेको सूचना अनुसार कृषक समुह र सहकारीले गरेको प्रस्तावको आधारमा दफा १२ बमोजिमको समितिले पशुपालन तथा व्यावसायिक कृषि पकेट क्षेत्रलाई लक्षित गरी वडा तथा समुहको छनौट गर्नेछ।

६. **<u>कार्यक्रम संचालनका लागि कृषक छनौटका आधार र सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ:</u>**

(क) दफा ५ बमोजिम वडा र समुह छनौट भए पश्चात कार्यक्रम सञ्चालनकालागि सम्वन्धित समुहको बैठकले भकारो सुधारका लागि घर धुरीको छनौट गर्नुपर्नेछ।

(ख) समुह र सहकारी तथा फर्म दर्ता गरी स्वीकृत रुपमा व्यावसायिक कृषिकार्य गरी आएको कृषक र कृषक समुहलाई प्राथमिकता दिईनेछ।

(ग) कम्तीमा २ वटा गाईवस्तु पालेको कृषकलाई प्रथमिकता दिईनेछ कृषक घर धुरीहरुको छनौट गर्दा कृषक समुहले प्राविधिकको सहयोगमा ५ र ५ जनाको क्लस्टर बनाई एकै ठाउँमा पर्नेगरी गर्नु पर्नेछ।

(घ) एउटै व्यक्ति वा समुहलाई दोहोरो पर्नेगरी सुविधा वा अनुदान दिइने छैन।

(ङ) घरधुरीको छनौट भएपछि सो को जानकारी समुहले कृषि विकास शाखामा दिनुपर्नेछ, उक्त जानकारी गाउँपालिकाको सूचना पाटीमा टांस गरिनेछ।

(च) क्लष्टरमा कार्यक्रम सञ्चालन गर्न चाहने कृषकको संख्या लक्ष्य भन्दा बढी भएमा दलित जनजाति तथा लोपोन्मुखलाई प्राथमिकता दिई समितिले सिफारिस गरे बमोजिम कार्यक्रम सञ्चालन गरिने र कृषकको संख्या लक्ष्य भन्दा कम भएमा दुई वटा सम्म क्लस्टर मिलाई कार्यक्रम सञ्चालन गरिनेछ।

७. **फोकल पर्सन तोक्नुपर्ने:** भकारो सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न र आवश्यक प्राविधिक सहयोग गर्नका लागि गाउँपालिकाले एकजना प्राविधिक कर्मचारीलाई फोकल पर्सनको रुपमा तोक्नु पर्नेछ।

८. **न्यूनतम मापदण्ड पूरा हुनुपर्ने:** भकारो सुधार गर्दा कम्तीमा २ वटा पशुका लागि गहुँत नचुहिने गरी पक्की गरिनु पर्ने, गहुँत संकलन टयांकिको व्यवस्था हुनुपर्ने र भकारो अर्थात मलखाद फ्याक्ने खाडललाई घामपानीबाट जोगाउनका लागि छानोको व्यवस्था गरेको र प्राविधिकले तोके अनुसारको मापदण्ड पूरा गरेको हुनुपर्नेछ।

९. **अनुदान रकमको व्यवस्था:** (क) समितिबाट छनौट भएका कृषक समुहलाई मूल्यांकन गरी प्रति भकारो सुधारका लागि कार्यालयबाट उपलब्ध हुने अनुदान रकम भकारो सुधार समन्वय समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(ख) भकारो सुधार कार्यक्रम वापत कृषकले खण्ड "क" बमोजिम पाउने अनुदान रकम बराबरको साझेदारी व्यहोर्नु पर्नेछ।

१०. **अनुदान रकम प्रबाहको व्यवस्था:** भकारो सुधार कार्य सम्पन्न भएपछि सम्बन्धित प्राविधिकले सोको गुणस्तर निरीक्षण गरी प्राविधिक र समितिको सिफारिस प्राप्त भएपछि मात्र कृषकलाई शैलुङ गाउँपालिकाले अनुदान उपलब्ध गराउनेछ।

११. **कार्यक्रम अनुगमनको व्यवस्था:** कार्यक्रमको नियमित अनुगमन दफा १२ बमोजिमको समितिले गर्नेछ, अनुमगन गरे वापत गाउँपालिकाले नियमानुसार यातायात खर्चको व्यवस्था गर्नेछ।

१२. **<u>भकारो सुधार समन्वय समितिको गठन:</u>** गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा देहाय बमोजिम भकारो सुधार समन्वय समितिको गठन हुनेछ।

(क) गाउँपालिकाको उपाध्यक्ष-संयोजक

(ख) आर्थिक विकास समितिका संयोजक -सदस्य

(ग) सबै वडाका वडाध्यक्ष -सदस्य

(घ) समितिले तोकेको अगुवा कृषक समुहका प्रतिनिधि मध्ये एक जनामहिला सहित दुई जना -सदस्य

(ङ) कृषि विकास शाखा प्रमुख -सदस्य सचिव

१३. **<u>निर्देशन दिन सक्ने:</u>** कार्यक्रम सम्बन्धमा शैलुङ गाउँपालिकाले आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ ।

१४. **<u>बाधा अड्काउ फुकाउने:</u>** यस कार्याविधिमा कुनै अस्पष्टता एवं द्विविधा उत्पन्न भएमा गाउँकार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची-१
## निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
शैलुङ गाउँपालिका, दोलखा,

**बिषय : भकारो सुधार कार्यक्रममा सहभागी गराई दिनु हुन**

प्रस्तुत बिषयमा शैलुंङ गाउपालिकको आ.व.२०......./....... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिति २०....../......./......मा प्रकाशित भकारो सुधार कार्यक्रम संचालन गर्ने सम्बन्धी सुचनाअनुसार मलाई मलखाद व्यवस्थापन गर्नको लागि एक वटा भकारो सुधार कार्यक्रम आवश्यक रहेको हुँदा सो कार्यक्रममा सहभागी हुन तपशिल अनुसारको विवरण भरी यो निबेदन पेश गरेको छु।

**संलग्न कागजातहरुः**

१. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि
२. सम्बन्धित वडाको सिफारिस
३. समूह सहकारीको माग निर्णयको प्रतिलिपि
४. कृषि समुह, सहकारी, फार्म भए दर्ता प्रमाण-पत्र तथा अघिल्लो आ.ब. को कर चुक्ताको प्रमाण-पत्र

**निवेदकः**
कृषकको नामः
ठेगानाः
सम्पर्क नं.:
दस्तखत

**प्रमाणिकरण मिति : १६ बैशाख, २०७७**

**आज्ञाले,**
**रामकुमार महतो**
**प्रमुख प्रशासकीय अधिकृत**